# वीरेन्द्रनगर नगरपालीका कार्यालय

**(वीरेन्द्रनगर सुर्खेत)**

आ.व. २०७०/०७१को

## सामाजिक परीक्षण प्रतिवेदन









SAPAS

**Sakriya paramarsha sewa**
**Birendranagar-Surkhet**

सक्रिय परामर्श सेवा
बीरेन्द्रनगर-१०
फोन : ०८३-५२३१६३
इमेल : sapas.birendranagar@gmail.com

श्रीमान कार्यकारि प्रमुख ज्यु

वीरेन्द्रनगर नगरपालीकाको कार्यालय
वीरेन्द्रनगर सुर्खेत

वीरेन्द्रनगर नगरपालीका र सक्रिय परामर्श सेवा विच सामाजिक परीक्षणको लागि नगरपालिका बोर्ड बैठकबाट स्वीकृत भएको र २०७१/०७/२१ गते नै सम्झौता वमोजिम कार्यसम्पन्न गरेर प्रस्तावमा उल्लेख भए बमोजिमको प्रक्रिया पुरा गरी सामाजिक परीक्षण प्रतिवेदन पेश गरेका छौं ।

## १. सामाजिक परिक्षणको पृष्ठभूमि

स्थानिय निकायले एक आर्थिक बर्षमा कति सामाजिक उत्तरदायीत्व वहन गर्नसके, के कस्ता समस्याहरुको सामना गरे, सस्थाको सामाजिक उत्तरदायित्व वहन गर्न सक्ने क्षमता कस्तो छ र स्थानिय बासिले स्थानिय निकायबाट के कस्तो सुधारको आशा गरेका छन् भन्ने कुरालाई पहिलो प्राथमिकतामा राखेर यो कार्य गरिएको छ । सामाजिक परिक्षण भन्नाले स्थानिय निकायले संचालन गरेका कार्यहरुले समाजमा पारेको सकरात्मक र सुझाबका क्षेत्रहरुलाई सुधारात्मक रुपमा पेश गरेको विवरण हो । सामाजिक परिक्षणको परिभाषा समान खालको नभए पनि कार्यक्षेत्र र कार्यविधि भने समान खालको छ । यसको परिभाषामा समानता छैन अनुसन्धानको परीबेश अनुसार यसको अर्थ लगाइन्छ ता पनि सामान्य परिभाषा अनुसार सामाजिक परीक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरू छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन साथ साथै आर्थिक संरचनामा जोडगर्ने काम गरिन्छ ।

दोस्रो पटक सामाजिक परीक्षण गरिंदै भएकोले विगतको कार्य सम्पादनको मूल्याङ्कनमा र संस्थागत संरचना, प्रक्रिया र उद्देश्यमा जोड दिनुपर्दछ । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१(१) ले गरेको व्यवस्था अनुसार वर्षमा एक पटक गर्ने प्रावधान भएकोले स्थानीय निकायहरू (जिल्ला विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गा.वि.स.हरू)ले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र वा कार्तिक मसान्त भित्र सामाजिक परीक्षण गरी सक्नुपर्छ । यसका लागि स्थानीय निकायले सो निकायसँग प्रत्यक्ष सम्बन्ध नभएको विज्ञलाई वा परामर्श सेवा कम्पनिलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिनु पर्छ । आवस्यकता महसुश भएको खण्डमा स्थानिय निकायले सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय एक समन्वय समिति गठन गर्नेछ । यो समितिको गठन बाध्यात्मक भने हुनेछैन आवस्यकता भएको खण्डमा मात्र गठन गरिन्छ ।

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ । यसलाई स्थानीय निकायको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा पेश गर्नु पर्ने प्रावधान रहेको छ । यसरी स्थानीय निकायबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणबाट प्रभाव सम्मको अवस्थाको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनवाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय निकायलाई ठूलो टेवा पुग्नेछ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउनेछन् । सामाजिक परिक्षण कार्यविधि २०६७ वमोजिमको अधिनमा रही वीरेन्द्रनगर नगरपालीकाको आ.व.०७०।०७१को सामाजिक परीक्षण गरिएको छ ।

## २.सामाजिक परिक्षणको उद्देश्य

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरूप नगरपालीकाले एक आर्थिक वर्षमा नगरपालीकाकै समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै नगरपालीकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्रविन्दुमा रहेका छन् ।

## ३. सामाजिक परीक्षण अध्ययन विधि

सामाजिक अनुसन्धानले स्थानिय निकायको सामाजिक गतिविधिको वारेमा पहिचानिक विश्लेषण गर्दछ । विधिविनाको अनुसन्धानको सम्भावना हुदैन । स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत)सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना नागरिक बडापत्र वार्षिक प्रतिवेदनहरू, गरिवी पार्श्वचीत्र सार्बजनीक परीक्षण प्रतिवेदन  परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरिएको छ ।

### क) सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- स्थानीय निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत)
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नगरपालिकामा राखिएको नागरिक बडापत्र
- वार्षिक प्रतिवेदनहरू
- गरिवी पार्श्वचीत्र
- गत बर्षको सार्बजनीक परीक्षण प्रतिवेदन
- गत बर्षको सामाजिक परिक्षण प्रतिवेदन
- गत वर्षको सार्वजनिक सुनुवाई प्रतिवेदन
- सामाजिक सरोकारसंग सम्बन्धित पार्श्वचित्रहरु

### ख) अन्तरवार्ता र समूह छलफल

नगरपालीकाका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्धसंरचित अन्तरवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गरियो । प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुदागत रूपमा प्रतिवेदन तयार गरिएको थियो ।

### ग) प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

निम्नानुसारका शीर्षकमा केन्द्रीकृत रही प्रारम्भिक प्रतिवेदन माथि छलफल गरिएको थियो

- सामाजिक परीक्षणका निष्कर्षहरू
- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण

- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता (समय सीमा सहित)
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- सुझावहरू संकलन

## ४. अध्ययनका सिमा

नगरपालीका स्थित सम्पूर्ण गैह्रसरकारी संस्थाहरुलाई अध्ययनको क्षेत्रभित्र समेट्न सकिएन । नगरपालिकामा कार्यरत गै. सस्थाहरुलाई समेटने सम्भावना नभएको होईन तर समय, आर्थिक स्रोत र जनशक्तिको कारणले आवाज लगाएतका केहि गैर सरकारि सस्थालाई मात्र यसमा समावेश गरिएको छ

## ५. बृहत् छलफल कार्यक्रमको विवरण

क) मिति : २०७१ /०७/२१ गते
ख) स्थान : नगरपालीका सभाहल
ग) समय : दिउसो १ बजे देखि ३:३० बजेसम्म

## घ) लिङ्ग र जातिगत विश्लेषण सहितको उपस्थिति

सामाजिक परिक्षण कार्यक्रममा पुरुष महिला ब्राम्हण दलित जनजाति आदि सबै जातजातिहरुको उपस्थिति थियो जुन कुरा अनुसूचीमा राखिएको छ ।

## ६. स्थानीय निकाय र विषयगत कार्यालय/गैह्र सरकारी संस्थाहरुको विवरण

कार्यबिधिको **अनुसूची २ र ३** बमोजिमको विवरण संलग्न गरिएको छ ।

## ७. सामाजिक परिक्षणबाट देखिएका सवल पक्षहरु

- सामाजिक परिचालन द्धारा समुह गठन, परिचालन र कार्यन्वयन ।
- नगरपालीका बाट गै.स.सको नियमित अनुगमन र पृष्ठपोषण गरिएको ।
- नगरको उद्योग तथा कृषिको गुणस्तर तथा उत्पादकत्वमा वृद्धि भएको ।
- ग्रामिण क्षेत्रमा सडक विस्तार तथा मर्मत ।
- ग्रामिण भेगमा विद्युतिकरण विस्तार
- विद्यालय तथा मदर्शाहरुको निर्माण तथा भौतिक पूर्वाधार विस्तार भएको ।
- महिला तथा पिछडावर्गको योजना कार्यन्वयनमा सहभागिता बढेको ।
- संस्थागत क्षमता तथा सेवा प्रवाहमा सुधार आएको ।
- अधुरा योजनाहरुलाई पूरागर्ने निति लिएको ।
- सम्पूरक कोषको व्यवस्था गरिएको ।
- अनुगमन कार्यलाई भरपर्दो र प्रभावकारी वनाउने प्रयास गरिएको ।
- बेरुजु प्रतिशत घटेको ।
- न्यूनतम शर्त तथा कार्य सम्पादनको अंक बढेर आएको ।

**८. सामाजिक परिक्षणबाट देखिएका चुनौती वा कमिकमजोरीहरु** सामाजिक परिक्षणबाट देखिएका चुनौती तथा कमिकमजोरीहरु निम्नबमोजिम छन् ।

**क) स्थानीय निकाय**

**ख) विषयगत कार्यालय**

कृषितर्फ

- कृषि हाटबजार व्यबस्थित नभएको ।
- सरकारी जग्गा अतीक्रमण भएको ।
- कोल्ड स्टोरको अभाब भएको ।
- कृषि पेशालाई व्यवसायिकिकरण गर्न अनुदानको व्यवस्था गर्नु पर्ने ।

**शिक्षा तर्फ**

- सरकारि र निजि विद्यालयको पास प्रतिसतमा समानता नभएको ।
- सबै विद्यालयमा शौचालयको राम्रो प्रबन्ध नहुनु ।
- शैक्षिक गुणस्तर कमजोर अबस्थामा रहन गएको ।
- पूर्व प्राथमिक विद्यालयलाई नियमित गर्न नसकिएको ।

**बालकल्याण तर्फ**

- बालकल्याण कार्यक्रम सञ्चालनको  लागि बजेटअपुग ।
- वालक्लव गठन गर्दा सबै बालबालिकाको सहभागिता नभएको ।
- बाल श्रमिकहरुको तथ्याङ्कको अभाव ।
- महिला विकास कार्यालय र बाल कल्याण समिति बीचको कार्य क्षेत्र स्पष्ट नहुनु ।

**खानेपानी तर्फ**

- खानेपानी आयोजना कार्यान्वनको लागि लागत सहभागिता जुटाउन कठिनाई हुने ।
- आयोजनाको लागत इष्टिमेटको तुलनामा बजेट कम आउने गरेको हुनाले आयोजना सम्पन्न गर्न धेरै वर्ष लाग्ने गरेको ।
- खानेपानीका पाइपहरु व्यबस्थित नभयर पानी प्रदुषितहुने अबस्था भएको ।
- प्रयाप्त स्वच्छ पीउने पानीको अभाबभएको ।
- भुप्राबृहतले सबैठाँउमा समान रुपमा खाने पानी वितरण गर्न नसकेको ।
- भूमिगत पानि आफू खुशि प्रयोग गर्ने गरेको ।
- अस्थायि सुकुम्बासि बस्तिमा पानीको जडानकार्य नभएको ।
- सार्बजनिक खाने पानीको ब्यबस्था नभएको ।

***पशुसेवा तर्फ***

- केन्द्रियस्तरबाट हुनुपर्ने अनुगमन हुन नसकेको ।
- राजनैतिक अस्थिरताको कारणले निति तथा कार्यक्रमहरु कार्यान्यन गर्न कठिनाइ भएको ।
- कान्जी हाउसको ब्यबस्था राम्रो नभएको ।
- छाडा पसुहरु नियन्त्रण नभएको ।
- भुस्याहा कुकुर नियन्त्रणका कार्यक्रम प्रभाबकारि नभएको ।

**महिला तथा वालबालिका तर्फ**

- नगरपालीकाको अन्य निकायद्धारा महिला तथा बालबालिका लक्षित कार्यक्रम सञ्चालन गर्दा यस कार्यालयसंग समन्वय कम हुनु ।
- अधिकांस संघ संस्थाहरू वचत कार्यक्रममा केन्द्रित रहेको तर तीनीहरू बीच आपसी समन्वयमा कमी रहेको ।
- टोलविकास सस्थाका महिला पदाधिकारिहरुमा आर्थिक ब्यबस्थापन सिपको अभाव ।

**जनस्वास्थ्य तर्फ**

- जनसङ्ख्याको तुलनामा स्वास्थ्य जनशक्तिको कमि ।
- कार्यक्रमको विस्तार सागै पूर्वाधार बन्न नसकेको ।
- ल्याण्डफिल साइड व्यबस्थित नभएको ।
- मछेड बढेको र नगरपालिका स्वास्थ्य केन्द्र व्यबस्थित नभएको ।
- क्षेत्रिय अस्पतालबाट स्तरअनुसारको सेवा हुन नसकेको ।

**यातायत**

- नगरभित्रका महत्वर्पुण सडकहरु मरमत भएकाछैनन् ।
- सडक वरपर रुख विरुवाहरु व्यबस्थित रुपमा लगाइएका छैनन् ।
- स्थानिय सवारिसाधनको व्यबस्था नभएको ।
- बसपार्कको निर्माण कार्यमा ढिला भएको ।

**आर्थीक तर्फ**

- नगरपालिकाको आर्थिक अबस्था सोचे अनुरुप मजबुत नभएको ।
- बिकास तथा निर्माणमा ६५ प्रतिसत तलब खर्चमा ३५ प्रतिसतको अबस्था रहन गएको ।
- नगरपालिकाले पिपिपि योजनाहरु बढाउन नसकेको ।

**ग) गैह्रसरकारी सस्था**

- बजेट निकासामा ढिला सुस्ती तथा निकासा प्रकृया झन्झटिलो ।
- निम्न शैक्षिक स्थितिले गर्दा समुदाय परिचलनमा कठिनता ।
- सरकारी तथा गैह्र सरकारी निकायको निकट समन्वय र सम्बन्ध ।
- जुन कार्यक्रम सञ्चालन गर्दा पनि भत्ताको माग ।
- दातृसंस्थाको कार्य योजना अनुसार कार्य गर्नु परेको ।
- लागु पदार्थ सेवन लगाएतका क्षेत्रमा लागेका व्यक्तिहरुलाई समाजमा ल्याएर पुर्नःस्थापना गर्ने कार्य निकै कठिन ।
- वैकल्पिक व्यवस्थाको अभाव ।
- सरकारी तथा गैह्र सरकारी निकायको निकट समन्वय र सम्बन्ध ।
- दातृसस्थाले software Budget दिने तर जनताको पूर्बाधार माग बढि ।

**९. सामाजिक जिम्मेवारी पुरागर्न चाल्नुपर्ने कदम वा सुझावहरु**

**क) स्थानीय निकाय**

- वीरेन्द्रनगर नगरपालिकालाई नगरगुरुयोजना अनुसार विस्तार गरेर सिङ्गो उपत्यकालाई पहिचानिक रुप दिने खालका योजनाहरु संचालनमा ल्याउनु पर्ने ।
- नगरपालिका क्षेत्रमा निर्माण गरिएका बाटाहरुको लगत कट्टा गर्ने कार्यको थालनि गर्ने तर्फ पहल गर्नु पर्ने ।
- नगरको आवाधिक योजना अध्यावधिक गरी अन्य विषयगत कार्यालयको विषयगत आवाधिक योजनाहरु समेत तयार गर्नुपर्ने ।
- नगरपालिकाले यसको स्वरुपमा परिवर्त आउने खालका विशेष कार्यक्रमहरु संचालनमा ल्याउनु पर्ने ।

- नगरपालीकाले कार्यक्रम तथा आयोजना संचालन गर्दा नगरगुरुयोजनाबाट आबधिक योजना र आबधिक योजनाबाट बार्षिक योजना छनोट गर्दा राम्रो हुन्छ ।
- कार्यक्रम तथा आयोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन तथा थप प्राविधिक सहयोग उपलब्ध गराउन नियमित अनुगमन तथा निरीक्षणको व्यवस्था गर्ने, अनुगमन तथा मुल्यांकन प्रणालीलाई यथार्थ र वस्तुनिष्ठ बनाउन सरोकारवालाहरुको सहभागितामा नगर स्तरीय साझा संयन्त्र तयार गरी कार्यान्वयन गर्ने ।
- नगरमा कार्यरत गैर सरकारी संस्थाहरुको कार्यक्रमको दोहोरोपना हटाउनु पर्ने ।
- गैर सरकारी संस्था र स्थानीय निकाय, बिषयगत कार्यालयहरु समेतको पहलमा भर्ना हुन नसकेका र शिक्षाको पहुच नपुगेका बालबालिकालाई विद्यालय भर्ना गरी आगामी वर्ष वीरेन्द्रनगर नगरपालीका लाई सतप्रतिशत विद्यालय भर्ना गर्न विशेष कार्यक्रम तय गर्नु पर्ने ।
- राजनीतिक दल, शिक्षक पेशागत संघसंगठन, गैर सरकारी संघसंस्था समेतको सञ्जाल तयार गरी नगरको विकासमा सञ्चालनको साझा रणनीति पहिचान गरी कार्यान्वयन गर्ने ।

**ख) विषयगत कार्यालय**

कृषितर्फ

- रासायनिक मलको अभाव घटाउन अर्गानिक खेतीको प्रर्वद्धन गनुपर्ने ।
- कृषकहरुलाई सेवादीन कोल्ड स्टोरको ब्यबस्था गर्नु पर्ने ।
- कृषिहाट बजार ब्यबस्थिा गर्नु पर्ने ।
- ब्यबसायिक कृषिमा जोडदिनु पर्ने ।

विभिन्न विषयगत कार्यालयहरु गै.स.स. तथा अन्य विकास सम्बन्धी साझेदार संस्थाहरुबाट नगरमा सञ्चालन हुने कृषि संबन्धी कार्यक्रमहरु नगर कृषि कार्यालयसंग समन्वय गरेर संचालन गर्नु पर्ने ।

**शिक्षा तर्फ**

- नगरस्तरिय विद्यालयमा छात्र छात्राको लागि छुटै शौचालय र सरसफाईको राम्रो व्यवस्था गर्नुपर्ने ।
- सरकारि र निजि विद्यालयमा समान रुपमा छात्राबृतिको ब्यबस्था गर्नुपर्ने ।

**बालकल्याण तर्फ**

- बाल क्लव गठन गर्दा सबै बालबालिकाको सहभागिताको सुनिश्चित गर्ने ।
- बालकल्याण कार्यक्रम सञ्चालनको लागि बजेट बढाउनु पर्ने ।
- अल्पकालिन बालगृहको व्यवस्था गर्नू पर्ने ।
- बालकल्याण गृहको भौतिक विस्तार गर्नू पर्ने ।
- बालबालीकालाई खेलमैदान र खेलसामाग्री उपलब्ध गराउनु पर्ने ।
- बाल श्रमिकहरुको तथ्याङ्कको संकलन यथासक्य गरी बाल श्रमिक लक्षित कार्यक्रम गर्नुपर्ने ।

**खानेपानी तर्फ**

- नगरका व्यस्तबजारहरमा सार्वजनिक शौचालयको ब्यबस्था गर्नु पर्ने ।
- नगरवासिलाई स्वच्छ खानेपानी उपलव्घ गराउनु पर्ने ।
- पुराना र कमजोर अबस्थामा रहेका ढल पाइपहरु मरमत गर्नु पर्ने ।

**यातायात तर्फ**

- नगर भीत्रका महत्वपुण सडकहरु तत्काल मरमत गर्नुपर्ने ।
- सडक वरपर बिरुवा लगाउनु पर्ने ।

- सडक काटेपछि तत्काल सरोकारवालाले तीरेको पैसाले सडक मर्मत गर्नु पर्ने ।
- स्थानिय यातायातको प्रबन्ध गर्नु पर्ने ।
- बसपार्क छिटो निर्माण गर्नु पर्ने ।

**पशुसेवा तर्फ**

- पशुपालन क्षेत्रको विकास गर्नुपर्ने ।
- केन्द्रियस्तरबाट बेलाबेलामा आयोजनाहरुको अनुगमन मुल्यांकन हुनुपर्ने ।
- छाडा पसु नियन्त्रण गर्न कान्जी हाउसको राम्रो ब्यबस्था गर्नु पर्ने ।
- कान्जी हाउसमा पशुहरुलाई खाना र औषधिको व्यबस्था गर्नु पर्ने ।
- बथशालालाई ब्यबस्थित गर्नु पर्ने ।
- भुस्याहा कुकुर नियन्त्रण अभियान संचालन गर्नु पर्ने ।

**महिला तथा वालबालिका तर्फ**

- नगरपालीका अनुदानबाट महिला वर्गलाई लक्षित गरी उपलब्ध गराइने बजेट महिला विकास अन्तरगत खर्च गर्नु पर्ने ।
- नगरपालीकाको बजेटबाट महिला तथा बालबालिका लक्षित कार्यक्रम सञ्चालन गर्दा यस कार्यालयसंग अनिवार्यरुपले समन्वय गरेर गरिनुपर्ने ।

**जनस्वास्थ्य तर्फ**

- समयमा फोहोर फाल्ने र समयमा फोहोर उठाउने ब्यबस्था गर्नु पर्ने ।
- ल्याण्डफिल यथाशिघ्र निर्माण गर्नु पर्ने ।
- कार्यक्रम र कार्यालयहरुको विस्तार सागै पूर्वाधारको विकास समेत गर्नुपर्ने ।
- आमा सुरक्षा कार्यक्रमलाई स्थानीय निकायहरूबाट सहयोग प्रदान गर्नुपर्ने ।
- मछेड हटाउ कायकम संचालन गर्नु पर्ने ।
- नगर स्वास्थ्य केन्द्रलाई ब्यबस्थित गर्नु पर्ने ।
- क्षेत्रिय अस्पतालको सस्थागत दक्षता एवं क्षमता बृद्धिका लागि पहल गर्नु पर्ने ।

**आर्थीक तर्फ**

- अर्थसंकलनका बिभीन्न बाटाहरु खोज्नुपर्ने ।
- नगरपालीका र नगरबिकासको बिचमा समन्वय हुनुपर्ने ।
- गरीबी हटाउ कार्यकम संचालन गर्नु पर्ने ।
- आन्तरिक पर्यटक आउनसक्ने कार्यकम संचालन गर्नु पर्ने ।
- नगरका विभिन्न ठाँउमा नगरपार्क बनाउनु पर्ने ।
- महीला,दलीत,पिछडावर्ग लगाएत विपन्नवर्गलाई स्वरोजगार कार्यकम तथा छात्रावृतिको ब्यबस्था गर्नुपर्ने ।

**ग) गैह्रसरकारी संस्था**

- नगरका विभिन्न सरकारी एवं गैह्र सरकारी संस्था वीच उचित समन्वय हुनुपर्ने ।

- कार्यक्रम दोहोरोपना हटाउन र नगरको सामानुपातिक सामाजिक विकास गर्न नगर स्थित सरकारी तथा गैह्रसरकारीसंस्थाहरुले विभिन्न विषयमा नगर स्तरमा वहस एवं छलफल गर्नुपर्ने ।
- नगर स्तिथ गै.स.सहरुले आफ्नो कार्यक्षेत्रमा वातावरणलाई समेत प्राथमिकता दिनुपर्ने ।
- युवा लक्षित कार्यक्रम संचालन गर्नुपर्ने ।
- स्वास्थ्य सुविधा नियमित र प्रभावकारी वनाउन गै.स.सबाट थप भुमिका खेल्नुपर्ने ।
- स्थानीय स्तरका गै.स.समा संलग्न मानव संसाधन दक्ष हुनुपर्ने ।
- नगर स्थित विषयगत कार्यालयहरुसंग सम्पर्क र समन्वय वढाउनुपर्ने ।
- अनुगमन मुल्यांकन चुस्त र दुरुस्त गर्नु पर्ने ।
- पुर्नःस्थापना केन्द्रहरुको विकास र विस्तारमा ध्यान दिनु पर्ने ।

**१०. वीरेन्द्रनगर नगरपालिकालाई माथी उल्लेखित नीतिको कार्यान्वयनको अवस्थामा उल्लेख भए अनुसारको सुझाव बाहेक निम्नानुसार थप नीति लिन तथा सोही अनुसार योजना तय गर्न सुझाव दिन चाहान्छौं ।**

१.सामाजिक सुरक्षा भत्ताको वितरणको बारेमा आगामि परिषदमा छलफल गर्नु पर्ने ।
२.नगरका महत्वमा रहेका बाटाघाटाहरुको मरमत गर्नु पर्ने ।
३. नगरपालिकाको क्षेत्र विस्तार भएको सेवालाई प्रभाबकारी बनाउन भौगोलिक आधारमा सम्पर्ग कार्यालय खोल्नु गर्ने ।

१. सामाजिक परीक्षकको नाम : डा.मनहरि ढकाल

दस्तखत :

२. सामाजिक परीक्षकको नाम : मोति प्रशाद लामिछाने

दस्तखत :

३. सक्रिय परामर्श सेवा वीरेन्द्रनगर १० खजुरा सुर्खेत

# सामाजिक परिक्षण प्रतिवेदन
(बृहत सभामा छलफलका लागि प्रस्तुत गरिएको)

## १.स्थानीय निकायको परिचय
**भौगोलिक स्थिति**

मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत भेरी अञ्चलको सुर्खेत जिल्लाको सदरमुकामको रुपमा वीरेन्द्रनगर नगरपालिका अवस्थित रहन गएकोछ । समुन्द्र सतहदेखि ६६५ मिटरको उचाइमा रहनगएको यो नगरपालिकाको उत्तरमा गढि गा.वि.स.रानीमत्ता महाभारत पर्वत,रातानाङ्ला, दक्षिणमा रत्नराजमार्ग र सुर्खेत जुम्ला सडकसंग जोडिएका लाटिकोइली र उत्तरगंगा गा.वि.स.छन् यसैगरेर पूर्वमा जर्वुटा गा.वि.स.र पश्चिममा लेखगाउ गा.वि.स.पर्दछ । यो नगरपालिका पूर्वदेखि पश्चिम लम्बाइ भएर फैलियको छ । यसको क्षेत्रफल ३६ वर्ग.कि.मि.छ । वि.स.२०३३ भन्दा अगाडि यो कट्कुवा,गोठीकाँडा र जर्बुटा गाउपंचायतमा थियो। यि माथि उल्लेख गरिएका गाँउपंचायतका भागहरु मिलायर वीरेन्द्रनगर नगरपंचायतको स्थापना सोहि मितिमा गरिएको थियो । चौहानचौर, चौगानचौरले परिचित नगर स्व. राजा वीरेन्द्रको नामबाट वीरेन्द्रनगर नामाकरण गरिएको हो ।

सुर्खेत उपत्यकामा वि.स.१९७५ देखि थारु राजी समुदायको बसोबास, वि.स. २०२३ साल पछिबाट यहा औलो उन्मुलन भयो त्यसको प्रभाब स्वरुप अन्य जातजतीहरुको बसोबास हुन थाल्यो । यस ठाँउमा बसोबास नहुदा सम्म दिनभरि काम गरेर बास बस्न कट्कुवा, गोठीकाँडा, जर्बुटा र वयलकाँडामा जाने परम्परा थियो । काठमाडौंबाट लगभग ६०० कि.मि.पश्चिममा पर्ने यो नगरपालिकामा १२ वडाहरु छन् । वि.स. २०२९ सालमा नापीहुँदा हालको वडा.नं १ र २ बयलकाँडामा रहन गएको देखिन्छ । रत्नराजमार्गबाट दक्षिणमा पर्ने भागहरु उत्तरगंगामा पर्दछन् भने उत्तरपट्टीको भाग हालको वी.न.पा.१ र २ साथै बाँकीभागहरु लेखगाँउ गा.वि.स.मा रहन गएको देखिन्छ । यसैगरेर वडा नं ३, ४, ५, गोठीकाँडा, ६, ७, ८,९,र १० कट्कुवा, ११ र १२ जर्बुटाबाट नगरपंचायतमा समावेस गरिएको थियो । जब वि.स. २०२२ सालमा सुर्खेत विमानस्थलको निर्माण भयो तब यसको विकासमा योगदान पुग्न गयो ।यसै गरेर वि.स.२०३८ सालमा रत्न राजमार्गको निर्माण कार्य सम्पन्न भयो त्यसले नेपालगंज र सुर्खेतको सम्बन्ध जोडियो कारण यसको विकास तलनात्मक रुपमा झन अगाडि बढ्न गयो ।

सामाजिक न्यायको सिद्धान्तलाई कार्यक्षेत्रमा अवधारणात्मक रुपमा लागु गर्नको लागि स्व.राजा वीरेन्द्रले वि.स. २०२९ सालमा यसलाई क्षेत्रिय सदरमुकाम घोषणा गरेको देखिन्छ । जब क्षेत्रिय सदरमुकाम घोषणा गरियो तब वि.स.२०२९ साल माघ १६ गते वीरेन्द्रनगर गुरुयोजना स्वीकृत भएको थियो । यो योजना कार्यान्वयन हुदै आएको छ । नेपालका ३६ वटा नगरपालिकाहरु मध्य यो पनि एक हो । हाल नेपालमा १ महानगरपालिका, ४ उपमहानगरपालिका र ५८ नगरपालिका छन् । चारविकास क्षेत्र हुँदा  यो राप्ती,भेरी,कर्णाली,सेती र महाकालीको केन्द्रको रुपमा थियो । दिर्घकालिन योजना अनुसार उपत्यकालाई समग्ररुपमा हेरिएको छ ।विरेन्द्रनगर नगरपलिकाको क्षेत्राधिकार  ८८ वर्ग कि. मि वनाएर यसलाईशैक्षिक प्रशासनिक र पर्यटकिय केन्द्रको रुपमा विकास गर्ने ीयलन तभचक म्भखभयिऊभलत खष्कष्यल या तजभ कगचपजभत खर्बाभिथ वाट थाहा पाउन सकिन्छ । यसले सुर्खेत उपत्यकामा रहन गएको वुलवुलेताल ,देउती बज्यैको मन्दीर ,काँक्रेविहारको महत्व वढन जाने छ जो हाल लाटीकोइली गा .वि.स मा छन् ता पनि नगरवासीको पनि महत्वपुर्ण सम्पदाको रुपमा रहन गएका छन् ।

वीरेन्द्रनगर नगरपालीकालाई पर्यटकिय क्षेत्र वनाउने हो भने सिङ्गो उपत्यका नगरपालीका  रिङरोड र ऐतिहासीक महत्वका स्थहिरुको संरक्षण गरेर अगाडी वढनु पर्दछ । नगरमा रहेका १२ वटा वडाहरुको वस्तुगत विवरण खण्ड दुइमा वर्णन गरिएको छ । वडा न.१३ देखि बाकीको विबरण यसमा समाबेश गरिएको छैन किन भने आ.ब.२०७१/०७२को सामाजिक परिक्षणमा यो विबरण समाबेश हुन्छ ।

## २.  नगरपालीकाको भौगोलिक र भौतिक विवरण

विरेन्द्रनगर नगरपालिकाको भौगोलिक स्थिति र भौतिक विकासलाई यस खण्डमा विशेष महत्व दीने काम गरिएको छ । सबैवडाहरुको अक्षांश र देशान्तर उल्लेख गर्न सम्भव भएन । वडाहरुको नक्सा नगरपालिकाको ऐतिहासीक पृष्टभुमिका साथसाथै १२ वडाहरुको पनि वस्तुगत रुपमा विवरणहरु समाबेश गरिएको छ । नगरको भूबनोट, हावा पानी, तापकम, नदिनाला, व्यापारिक महत्वका स्थान, नगरपालिकाका चुनौतिहरु र सम्भावनाहरु आदिलाई समाबेश गरेर यस खण्डको विवरण तयार पार्नेकाम भएको छ ।

**२.१  भौगोलिक अबस्थिति, प्रशासनिक तथा राजनीतिक विवरण वीरेन्द्रनगर नगरपालिकाको मानचित्रमा स्थिति यस प्रकार छ ।**

(१)  अक्षाश   २८ं २२ देखि  २८ ५८

(२) देशान्तर ८०ं ५९ देखि ८२ ं२
(३) पूर्वमा जर्बुटा गा.वि.स.को नेवारे खोला
(४) उत्तरमा महाभारत पर्वतको रानिमत्ता,रातानाङला र गढी गा.वि.स.
(५) दक्षिणमा भेरी नदी
(६) पश्चिममा लेखगाँउ गा.वि.स.पर्दछ ।
(७) समुन्द्रसतह देखि ६६५ मिटरको उचाईमा यो नगरपालिका पर्दछ ।
(८) क्षेत्रफल १३६.५९ वर्ग.कि.मि.
(९) नेपालको राजधानी काठमाडौंबाट अगभग ६०० कि.मि. पश्चिचम
(१०) वीरेन्द्रनगर नगरपालिकाको वनक्षेत्र २३ वर्ग कि.मि.र बसोबास क्षेत्र १३ वर्ग कि.मि.छ ।
(११) नेवारे, इत्राम, खोर्के जस्ता खहरे खोला नगर क्षेत्रमा पर्दछन् ।
(१२) नगरपालिकाको पानीको निकास लाटिकोईली स्थित निकास भन्ने ठाँउबाट भेरीनदीमा मिसिन पुग्दछ ।
(१३) नगर पंचायतको रुपमा वि.स. २०३३ सालमा स्थापना भएको नगरपालिका ।

सुर्खेत उपत्यका : ८८ वर्ग कि.मि.

भू-आकृति :

- उत्तरमा महाभारत पर्वतमा रानीमत्ता, रातानाङ्ला र दक्षिणमा चुरे पहाडको हर्रे, देउरालीका मनोरम पहाडद्वारा घेरिएको सुन्दर उपत्यका ।
- झुप्रा खोला र भेरी नदीको किनारमा अवस्थित नगर ।
- उत्तरदेखि दक्षिणतिर हल्का झुकाव ।

- उपत्यकाको सम्पूर्ण पानी लाटिकोइलीस्थित निकास भन्ने साँघुरो ठाउँबाट बगी भेरी नदीमा मिसिन पुग्छ ।
- नेवारे, इत्राम, खोर्के जस्ता खहरे खोला उपत्यकाको बिचबाट बग्दछन् ।

जनसंख्या ( २०६८) : जम्मा : ४७९१४ पुरुष : २३३९६ महिला : २४५१८ घरसंख्या : १२०२९

वडा संख्या : १२ साक्षरता दर (२०६८) : ७६.९३ प्रतिशतमुख्य चाडपर्व/मेला : *चाडपर्व :* वडादशै, भाइटीका, तीज, साउने सक्रान्ति, माघे सक्रान्ति, चैते दशैं, होली, श्रीकृष्ण जन्माष्टमी, जनै पूर्णिमा । *मेला :* लाखेजात्रा, शिवरात्री, रोपाई जात्रा आदी ।

सडक स्थिति : *कालोपत्रे : १९.०३५ कि.मि. ग्राभेल : ५८.८९८* कि.मि. *कच्ची :* २२ कि.मि.

खानेपानी : ४ वटा रिजरभ्वायर (१४ लाख लिटर) मार्फत खानेपानी वितरण *जम्मा धारा संख्या : ७०७८*विद्युत क्षमता : १३२ के.बी. *लाभावन्वित घरधुरी : ६८१० सडक बत्ती संख्या :* १०८६ स्वास्थ्य सेवा सुविधा : *क्षेत्रीय अस्पताल :* १ (बेड संख्या ५०) *आइ.एन्.एफ. क्लिनिक :* १

*शहरी उप-स्वासथ्य केन्द्र :* २ *आयुर्वेदिक औषधालय :* १ *प्राथमिक आँखा उपचार केन्द्र :* १ *नर्सिङ् होम : ४ प्राइभेट मेडिकल हल :* १९ सञ्चार : *टेलिफोन लाइन :* ३३९९क्षेत्रीय हुलाक कार्यालय

क्षेत्रीय प्रशारण केन्द्र रेडियो नेपाल सुर्खेत *एफ.एम. संख्या : ५ दैनिक पत्रिका : ६*

वडाअनुसार नगरपालिकाको जनसंख्या र घरधुरि संख्याको विवरण

| वडाहरु | घरधुरि संख्या | जनसंख्या | | | | क्षेत्रफल ( हेक्टरमा) | | | ज.अनुसार वडाको तह |
|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | | | |
| १. | ७८९ | १७७७ | १६५३ | ३४३० | | ४८०.९५ | | | सातौं |
| २. | ७३० | १७३३ | १३९१ | ३१२४ | | २८२.०३ | | | आठौं |
| ३. | ५९० | १३७४ | १३१८ | २६९२ | | ३९३.०२ | | | नबौं |
| ४. | ११४६ | २४३४ | २२९५ | ४७२९ | | २९१.७६ | | | चौथो |
| ५. | १२२३ | २६२४ | २३६८ | ४९९२ | | ५७८.२६ | | | तेश्रो |
| ६. | १७६७ | ३६८७ | ३९११ | ७५९८ | | ६२.३१ | | | प्रथम |
| ७. | ६७७ | ११७७ | १०८८ | २२६५ | | ११४.४२ | | | एघारौं |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८. | १३०० | २३६३ | २२२० | ४५८३ | | ४०४.६६ | | | पाँचौ |
| ९. | ६७५ | १०७० | १२२५ | २२९५ | | ७५.५२ | | | दशौं |
| १०. | १२०८ | १९३६ | २१२७ | ४०६३ | | ६३.२४ | | | छैटौं |
| ११. | १५२२ | ३४७१ | ३००६ | ६४७७ | | ५६७.९३ | | | दोश्रो |
| १२. | ४०२ | ८७२ | ७९४ | १६६६ | | ३१९.१६ | | | बाह्रौं |
| जम्मा | १२०२९ | २४५१८ | २३३९६ | ४७९१४ | | | | | |
| लाटिकोईली १३देखि१७ वडा | ४३३० | १०३१७ | ९६४६ | १९९६३ | | | | | |
| उत्तरगंगा १८देखि२० वडा | ४०८१ | ८९२७ | ८३३४ | १७२६१ | | | | | |
| जम्मा | २०४४० | ४३७६२ | ४१३७६ | ८५१३८ | | | | | |

स्रोत राष्टिय जनगणना २०६८

## ३. नगरपालिकाको विद्यमान भूउपयोगको विवरण

नगरपालिकामा भएको जम्मा ३६०० हेक्टर क्षेत्रफल भूमिमा वडाअनुसारको वर्गिकरण निम्नानुसार देखा पर्दछ । वडा न. ६ र वडा न. ९ र १० मा जंगल क्षेत्र छैन । वडा नं. ९ मा भएको १६ हेक्टर जंगल दर्ता जग्गा हो । यो हाल म.प. वि. को नाममा हस्तान्तरण भैसकेको छ । आवासक्षेत्र सबै बढी २०१ हेक्टर जमिन वडा नं. २ मा देखा पर्दछ । वडा नं. ११ मा २५२ हेक्छर समथर भाग भुभागमा हवाइ मैदान पर्दछ । वडा नं. ५ मा जंगल क्षेत्र ४४४ हेक्टर छ भने वडा नं. ६ र १० मा जंगल क्षेत्र छैन ।

नगरपालिकामा विद्यामान भूउपयोगको विवरण

| वडा नं. | भु-उपयोग (समथरभाग) | | | भु-उपयोग जंगल क्षेत्रफल | जम्मा क्षेत्रफल ( हेक्टरमा) |
|---|---|---|---|---|---|
| | मुख्य उपयोग | अन्य उपयोग | क्षेत्रफल | | |
| १ | कृषि | आवास | ९० | २८० | ३७० |
| २ | कृषि | अवास | २०१ | २२९ | ४३० |
| ३ | कृषि | आवास तथा सस्थागत | ११३ | ३७७ | ४९० |
| ४ | कृषि | आवास | ७२ | १८८ | २६० |
| ५ | आवास | कृषि | ७६ | ४४४ | ५२० |
| ६ | ब्यापारिक | आवास | ७० | ० | ७० |
| ७ | सस्थागत | आवास | १४१ | ३९ | १८० |
| ८ | आवास | ब्यापारिक | ८३ | २५७ | ३४० |
| ९ | आवास | मिश्रित भुउपयोग | ८४ | १६ | १०० |
| १० | आवास | मिश्रित भुउपयोग | ९० | ० | ९० |
| ११ | विशेष(हवाइ मैदान) | आवास | २५२ | २८८ | ५४० |
| १२ | कृषि | आवास | ४० | १७० | २१० |
| | | जम्मा | १३१२ | २२८८ | ३६०० |

श्रोत नगरपालिका जि. आइ.एस.डाटावेसको नक्सा २००५

## ३.१ नगरपालिकामा विभिन्न प्रयोजनको भूमिको विवरण

नगरक्षेत्रमा भौतिक पूर्वाधार, आवासिय क्षेत्र, व्यापारिक क्षेत्र, सार्वजनिक क्षेत्र, हरित क्षेत्र, पुरातात्तिक क्षेत्र, औद्योगिक क्षेत्र, वित्तिय क्षेत्र गरेर भूमिलाई विभिन्न भागमा वर्गिकरण गरिएको छ जुन कुरा तालिकाबाट थाहापाउन सकिन्छ ।

विभिन्न प्रयोजनको भूमिको विवरण

| सि.न. | भू-उपयोगको विवरण | क्षेत्रफल | | प्रतिसत | सम्बन्धित वडाहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | विगाहा | हेक्टर | | | |
| १. | भौतिक पूर्वाधार | | | | | |
| १.१ | सडक,ढल आदि | २७.१५ | १७.८ | | | |
| २. | सामाजिक पूर्वाधार | | | | | |
| २.१ | सरकारि | ६१ | ४० | | | |
| २.२ | आवासिय क्षेत्र | | | | | |
| २.२.१ | कर्मचारि आवास | ११ | ७.४५ | | | |
| २.२.२ | निजि बसोबास क्षेत्र | २०० | १३५.५० | | | |
| २.२.३ | सार्वजनिक आवास | १९ | १३.५० | | | |
| २.२.४ | क्षेत्रीय शैक्षिक क्षेत्र | २३ | १६.३० | | | |
| ३. | व्यापारिक क्षेत्र | | | | | |
| ३.१ | बजार बसोबास क्षेत्र | ३६ | ६.८० | | | |
| ३.२ | गोदाम क्षेत्र | १३ | ९.५० | | | |
| ३.३ | व्यापारिक क्षेत्र | १० | १०.८० | | | |
| ३.४ | बजार व्यवसायिक क्षेत्र( व्यापारिक तथा आवासिय क्षेत्र | १५ | ४०.०० | | | |
| ४. | सार्वजनिक क्षेत्र | | | | | |
| ४.१ | सार्वजनिक पार्क | | १२.२० | | | |
| ४.२ | खुला मैदान | ३४ | २०.३० | | | |
| ४.३ | बसपार्क | | | | | |
| ४.४ | हरित क्षेत्र | १२७ | ८६.०० | | | वडा न. ६मा छ । |
| ५. | पुरातात्तिक क्षेत्र | ३४ | २३.०० | | | वडा न. ६ मा |
| ६. | औद्योगिक क्षेत्र | ६ | ४.३० | | | |
| ७. | वित्तिय क्षेत्र | १० | ६.८० | | | |

वीरेन्द्रनगर नगरपालिका आवधिक योजना २०६४/२०६९

**कृषि**

नेपाल कृषि प्रधान देशहो भन्ने कुरा तथ्यगत रुपमा सर्वव्यापक छ तर त्यसको व्यवहारीक पक्ष कमजोर छ । वीरेन्द्रनगर नगरपालिका विभिन्न वडाहरु सामान्यतया सबै खालका वालिहरु लगाउने परम्परा छ । धान, गहुँ, मकै, तेलहन र दलहनको खेति गरिन्छ । कुन वडामा कुन खेति बढि हुन्छ भनेर वशिष्टिकरण नभए पनि तालिकामा उल्लेख भएनुसार खेतिका क्षेत्रहरु समावेश छन् ।

तालिका न. ८७ कृषिका मुख्य क्षेत्रहरु

| क.स. | प्रमुख वालिहरु | बढि उत्पादन हुने | कैफियत |
|---|---|---|---|

| | | क्षेत्र | |
|---|---|---|---|
| १. | धान | वडा न. ५ चिसा पानी | |
| २. | गँहु | | |
| ३. | तोरि | | |
| ४. | मकै | | नगरका वडाहरुमा विशेष |
| ५. | तरकारी | | किसिमको खेति हुदैन । |
| ६. | मसुरो केराउ | | सामान्य खालको खेति वडाका |
| ७. | आलु | | सबै ठाउमा गरिन्छ । |
| ८. | मैरिपालन | वडा न.११ पिपिरा नजिक | |
| ९. | | | |
| १० | अन्य | | |

श्रोत वी.न.पा. सुर्खेत स्थलगत सर्वेक्षण २०७०

**स्वास्थ्य**

स्वास्थ्य केन्द्रहरु र सेवाग्राहि परिवारको विवरण अस्पताल, स्वास्थ्य केन्द्र, नर्सिङ्ग होन, निजिक्लिनिक सबैठाँउमा स्वास्थ्य सेवा लिनको लागि नगरवासिहरु आउने गरेको पाइन्छ । छाला सम्बन्धि रोगहरु, स्वास प्रस्वास, पेटदुख्ने रोगहरु लगाएत विभिन्न उपचारको लागि नगरवासिहरु माथि उल्लेख भएका ठाँउहरुबाट सेवा लिने गरेको पाईन्छ ।

**पशुपालन**

नगरपालिकाका १२ वटै वडाहरुमा पशुपालन गरिएको छ । उद्योगको रुपमा नभएर जिविकोपार्जको रुपमा पशुपालन गरेको देखा पर्दछ । गाई, भैसी, गोरु, राँगा, भेडा, बाख्रा, सुगुर, बँगुर जस्ता पशुहरु सामान्य रुपमा पालिएको छ ।

**२. स्थानीय निकायको प्राथमिकता तथा लक्ष्यहरु**

**क. लक्ष्य**

सहभागितामुलक कार्य प्रणलीको माध्यमबाट लैगिंक समता तथा सुशासन कायम गरेर दिगो विकास गर्ने ।

**ख.मूख्य उद्देश्य**

- महिला तथा बालबालिकाको अवस्थामा सुधार गर्ने
- स्वास्थ्य स्थितिमा सुधार गर्ने
- शौक्षिक गुणस्तरमा सुधार गर्ने
- कृषि तथा पशु उत्तपादकत्वमा वृद्धि तथा बजार सम्मको पहुाचमा वृद्धि गर्ने
- भौतिक तथा संस्कृतिक पूर्वधारको विकास, विस्तार र सुधार गर्ने
- स्थानीय सरकारी तथा गैर सरकारी संस्थाहरुको कार्य क्षमतामा अभिवृद्धि भई संस्थागत विकास गर्ने
- स्थानीय निकायमा प्रभावकारी सूचना प्रवाह गर्ने
- स्वच्छ वातावरण कायम गर्ने

**ग. प्राथमिकताका आधारहरु**

- सन्तुलित विकासलाई मध्य नजर गरी सवै वडाबाट वितरण सकभर समानुपातिक रुपमा छनौट गर्ने ।
- सर्व साधारण लाई प्रत्यक्ष फाईदा हुने र आय आर्जन हुने क्षेत्रलाई प्राथमिकता दिने ।
- लक्षित वर्गलाई केन्द्रित हुनेगरी आयमुलक र सीप मुलक कार्यकममा जोड दिने ।
- वढि जनसहभागिता हुने र श्रममुलक योजनालाई प्राथमिकता दिने ।

- मानव संसाधन विकासलाई उच्च प्राथमिकता दिने ।
- राजनितिक दल नागरीक समाज विषय विज्ञबाट प्राप्त सुझाव र सल्लाहहरुलाई पृष्ठपोषणको रुपमा लिने ।
- योजना कार्यन्वयन गर्दा प्राथमिकतामा परेका योजनाहरुलाई विषेश प्राथमिकता दिने ।
- शुद्ध खानेपानी स्वास्थ्य सेवा क्षेत्रमा स्तरीय सेवा पुर्‍याउन विशेष जोड दिने ।
- कृषि उत्पादकत्व वढाउन विशेष पहल गर्ने ।

**घ.मुख्य नीति**

**२. स्थानीय निकायको प्राथमिकता तथा लक्ष्यहरु**

वीरेन्द्रनगरनगरपालिका सुर्खेतले “शैक्षिक, प्रशासनिक र पर्यटकीय शहर, स्वस्थ, समुन्नत वीरेन्द्रनगर” भन्ने दिर्घकालिन सोचका साथ आफ्ना वार्षिक लक्ष्य तथा उद्देश्यहरु तय गरी अगाडी वढेको देखिन्छ जस अर्न्तगत आ.व.०७०/०७१ का लागि नगरपरिषदवाट निम्न वमोजिमको लक्ष्य उद्देश्य र कार्यक्रमहरु राखेको देखिन्छ ।

**लक्ष्य तथा उद्देश्य :**

वीरेन्द्रनगरलाई आर्थिक रुपले सम्पन्न, भौतिक रुपले शहरी सुविधायुक्त, राजनीतिक रुपले समावेशी/सहभागितात्मक, वातावरणीय रुपले स्वच्छ, सफा तथा व्यवस्थापकीय रुपले सुब्यवस्थित नगरको रुपमा विकास गर्दै शैक्षिक, प्रशासनिक, पर्यटकीय केन्द्रको रुपमा विकास गरी संघीय राज्यको राजधानी बनाउनको लागि आधार तयार गर्ने ।

**वित्त तथा श्रोत परिचालन सम्बन्धीः**

१. सबभन्दा धेरै तथा नियमित रुपमा समयमा कर तिर्ने करदाताहरुमध्ये ४ जनालाई हरेक वर्ष सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
२. चालु आ.व.को आश्विन मसान्त भित्र कार्यालयमै आई व्यवसायकर तिर्ने करदातालाई उनीहरुले तिर्नुपर्ने कर रकममा १५ प्रतिशत छुट दिइनेछ ।
३. हालसम्म व्यवसाय कर तिर्न बांकी व्यवसायीहरुलाई कर तिर्नको लागि फेरि अनुरोध गरिनेछ । वारम्वार अनुरोध गर्दा पनि कर नतिर्ने व्यवसायीहरुको नाम, ठेगाना न.पा.को सूचना पाटीमा टांस गर्ने , उनीहरुलाई न.पा. ले प्रदान गर्ने सम्पूर्ण सेवा, सुविधा रोक्का राखिनेछ (आवश्यक देखिएमा विद्युत, खानेपानी, टेलिकम कार्यालयसंग समन्वय गरी उनीहरुलाई दिइने सेवा सुविधा रोक्का राख्ने )
४. निर्माण व्यवासायीहरु( ठेकेदारहरु )बाट नगरपालिकाले आफ्ना सम्पूर्ण निमार्ण कार्य उपभोक्ता समितबाट मात्र गराउने तर आफुहरुमाथि व्यवसायकर लगाउने गरेको भन्ने गुनासो आएकोले निर्माण व्यवसायीहरुको मागलाई मध्यनजर गरी वर्षमा कम्तिमा एउटा निर्माण कार्य ठेक्कामा गराउने र त्यसमा व्यवसाय कर चुक्ता गरेकोले मात्र प्रतिस्पर्धामा भाग लिन पाउने व्यवस्था गरिनेछ ।
५. नगरपालिकाले नियमानुसार तिर्नुपर्ने कर, दस्तुर तिरेका व्यवसायीहरुबाट मात्र आफूलाई आवश्यक पर्ने वस्तु तथा सेवा खरिद गरिनेछ ।
६. कुनै पनि व्यक्ति विकास निर्माण कार्यको उपभोक्ता समितिहरुमा बस्न अन्य कुराका अतिरिक्त चालु आ.व. सम्म नगरपालिकालाई नियमानुसार तिर्नुपर्ने कर, दस्तुर अनिवार्य रुपमा तिरेको हुनुपर्ने व्यवस्था गरिनेछ ।।
७. नगरपालिका क्षेत्र भित्र व्यापार व्यवसाय गरिरहेका तर नगरपालिकामा दर्ता नभएका व्यवसायीहरुलाई २०६७ आश्विन मसान्तसम्म नगरपालिकामा दर्ता हुन सुचित गर्ने र सो अवधिभित्र दर्ता भएमा दर्ता भएको आ.व. देखि लागु हुने गरी व्यवसाय कर लिने । तर सो अवधिभित्र दर्ता नभएमा हरसंभव उपाय अवलम्वन गरी व्यापार व्यवसाय शुरु गरेको वर्षदेखि लागुहुने गरी जरिवाना सहित बक्यौता अशुल गरिनेछ ।
८. न.पा. को व्यवासायकर संकलनमा प्रभावकारिता ल्याउन घरेलु तथा साना उद्योग विकाश समिति , जिल्ला विकास समिति, उद्योग वाणिज्य संघ संग समन्वय गर्दै फर्म नविकरणमा संबन्धित नगरपालिका तथा गा.वि.स.मा व्यवसायकर चुक्ता गरेको प्रमाण पत्र समावेश गर्न अनिवार्य गराउन अनुरोध गर्ने र यसको नीतिगत व्यवस्था गर्न स्थानीय विकास मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

९. राजश्व अशुली कार्यलाई वस्तुपुरक र प्रभावकारी बनाउन उद्योग वाणिज्य संघ समेतको सहभागितामा करदाता र करयोग्य वस्तुको आवश्यक तथ्यांकलाई अध्यावधिक गरिनेछ ।

१०. वर्तमान लेखा प्रणालीलाई चुस्त दुरुस्त बनाउन तथा बेरुजु फर्स्यौट र न्यूनिकरण गर्न आन्तरिक लेखा परीक्षणको कार्यक्रम लाई सुदृढ गर्दै लगिने छ ।

११. वीरेन्द्रनगर नगरपालिकाको लेखा प्रणालीलाई संस्थागत लेखा प्रणाली (कर्पोरेट एकाउन्टीङ्ग सिस्टममा) मा रुपान्तरण गर्न आवश्यक जनशक्ति पूर्ति गरी आवश्यक तयारी गरिनेछ ।

१२. बजार क्षेत्रमा सःशुल्क पार्किङ स्थलको पहिचान र विकास गरिनेछ । यसबाट उठेको रकमलाई वसपार्क विकासमा लगाउने र सो को लागि यातायात व्यवसायी संग समन्वय गरिनेछ ।

१३. स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम नगरपालिकाले आˆ नो क्षेत्रभित्रका तोकिएका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर लगाउन सक्नेछ भन्ने व्यवस्था बमोजिम नगरपालिकाले सवारी कर संकलन गर्दै आएकोमा सरोकारवाला निकाय तथा सम्बन्धित सरकारी कार्यालयहरुको सहयोग प्राप्त गरी यो करलाई अनिवार्य र व्यवस्थित गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

नेपाल विद्युत प्राधिकरण लगायत, सार्वजनिक एवं अत्यावश्यक सेवा प्रवाह गर्ने सार्वजनिक संस्थासंग समन्वयन गरी कर तथा शुल्कहरु चुक्ता नगर्ने करदाता/सेवाग्राहीले उपयोग गर्दै आएको विद्युत सेवा लगायतका अन्य सार्वजनिक सेवाहरु कटौती गर्न आवश्यक नीतिगत व्यवस्थाको लागि सम्वन्धित निकायहरु र नेपाल सरकारसंग सहयोग माग गरिनेछ ।

१. आयकरमा व्यवसाय दर्ता गर्दा करदाताले अनिवार्य रुपमा स्थानीय निकायमा व्यवसाय दर्ता गरेको प्रमाण पत्र पेश गर्नु पर्ने व्यवस्था हुन नेपाल सरकार,स्थानीय विकास मन्त्रालय मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयलाई अनुरोध गरिनेछ ।

२. स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीय निकायमा सवारी कर चुक्ता भएपछि मात्र यातायात व्यवस्था कार्यालयले सवारी साधनको नामसारी, दर्ता नविकरण र सवारी कर संकलन गर्ने व्यवस्था सवारी ऐनमा राख्न नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

३. स्थानीय उत्पादनमूलक उद्योगको प्रवर्द्धनका लागि स्थानीय उद्योगहरुले तिर्ने बिज्ञापन कर र व्यवसाय करमा ३० प्रतिशत छुट गरिनेछ । तर सूर्तिजन्य, मदिराजन्य, बैदेशिक लगानीबाट संचालित उद्योगहरुको हकमा यो छुट सुबिधा लागू हुने छैन ।

४. पेश्की फछ्र्यौटलाई प्रभावकारी गराउन आवश्यक कदम चालिनेछ । यस कार्यालयका कर्मचारीको नाममा भएको पेश्की फर्छौट गर्न सम्वन्धित कर्मचारीलाई १ महिनाको समय दिइनेछ । तोकिएको समय भित्र पेश्की फर्छौट नगर्ने कर्मचारीको तलब रोक्का गरी अशुल गरिनेछ ।

५. नगरपालिकाको नाममा रहेको सम्पुर्ण चल, अचल सम्पति तथा नगरपालिकाको स्वामित्वमा रहेको सार्वजनिक सम्पति ( सडक , पेटी, फुटपाथ, मन्दिर, पर्ती ऐलानी जग्गा आदि) को लगत तयारी तथा अद्यावधिक गरी राखिनेछ ।

**शहरी विकास संम्बन्धी :**

१. विद्युत, टेलिकम, खानेपानी, शहरी विकास तथा भवन निर्माण विभाग ,उपत्यका नगर विकास समिति, डिभिजन सडक तथा जि.वि.स. लगायत विभिन्न पूर्वाधार निर्माण गर्ने कार्यालयहरु संग समन्वय गर्दै नगरपालिकाको स्वीकृत गुरुयोजनाको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

२. नगरपालिकाको आवाधिक योजनाको समीक्षा गरी सरोकारवाहरुको सुझाव अनुसार संशोधन गरिनेछ ।

३. नगरपालिकाको एचयाषभि निर्माण गरिनेछ ।

४. नगरपालिकाको बसपार्क लगायत अन्य नामाकरण नभएका पार्क तथा चौकहरुको नामाकरण गर्न सर्वपक्षीय भेला गरी सबैको राय, सुझाव लिई यस अघि अपनाइएका प्रक्रिया अनुसार नामाकरण गरिदै गइनेछ ।

५. नगरपालिकाको समग्र ढल निकासको गुरुयोजना तयार गरि बजार क्षेत्रको खुला ढललाई मर्मत सुधार तथा आवश्यकता अनुसार पुननिर्माण गरी बन्द ढलमा परिवर्तन गरिनेछ । साथै बजार क्षेत्रमा फुटपाथलाई व्यवस्थित गरिनेछ ।

६. वीरेन्द्रनगरमा क्षेत्रीय स्तरको ऋक्ष्त्थ ज्बी निर्माण कार्य शहरी विकास तथा भवन निर्माण विभाग लगायत विभिन्न निकायसंगको सहकार्यमा अघि बढाइनेछ ।

७. मध्य विश्व विद्यालय स्थापनाको लागि नगरपालिका क्षेत्रभित्र निर्माण गरिने संरचनामा गत नगरपारिषको निर्णय अनुसार नै पूजीगत रकम उपलब्ध गराइनेछ ।
८. नगरक्षेत्रभित्र १००० वर्गफिट भन्दा बढी र ३ वा सो भन्दा बढी तलाको घर निर्माण गर्दा अनिवार्य रुपमा भुकम्प प्रतिरोधक घर निर्माण गर्नुपर्ने नीतिगत व्यवस्थालाई निरन्तरता दिई त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
९. नगर क्षेत्रमा बृद्धाश्रम निर्माणका लागि महिला वालवालिका तथा समाजकल्याण मन्त्रालयमा अनुरोध गरिनेछ । साथै सुर्खेत उपत्यका भित्र निर्माण हुने बृद्धाश्रमहरुसंग सहकार्य गरिनेछ ।
१०. नगरपालिकाको स्वीकृत भवन निर्माण मापदण्डलाई प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
११. स्वीकृत भवन निर्माण मापदण्ड अनुसारको भुकम्प प्रतिरोधात्मक संरचना निर्माणलाई प्रोत्साहन गर्न यस्ता संरचना निर्माण गर्दा लाग्ने नक्शापास दस्तुरमा ५० प्रतिशतसम्म छुट दिईनेछ ।
१२. नक्शापास नभई पहिले नै निर्माण भईसकेका भवन तथा अन्य संरचनाहरुलाई नक्शा पासको दायरामा ल्याउन असोज मसान्तसम्म नक्शापास गर्न आएमा जरिवाना छुट दिइने व्यवस्था मिलाइनेछ । सो अवधिभित्र नक्शापास नगरेमा नियमानुसार कारवाही अघि बढाइनेछ ।
१३. स्वीकृत नक्शा पास बमोजिम निर्माण कार्यहरु भए नभएको यकिन गर्न प्रभावकारी अनुगमनको व्यवस्था गरी नियमानुसार कारवाही गरिनेछ ।
१४. सरकारी तथा सार्वजनिक संस्थानका कार्यालयहरुलाई समेत नक्शापासको व्यवस्था अनिवार्य गर्न आवश्यक कदम चालिनेछ ।
१५. फुटपाथमा निर्माण सामाग्री राख्ने कार्यलाई निरुत्साहित गर्न सामाग्री राख्न पाउने समय सीमा तोकी तोकिएको समयमा सामाग्री व्यवस्थापन गर्न अटेर गर्ने व्यक्तिको नगरपालिकामा रहेको नक्सापास धरौटीलाई जफत गर्ने प्रावधानलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।
१६. नगरपालिकाको वर्तमान बसपार्कलाई आधुनिक एवं व्यवस्थित सिटी बसपार्कको रुपमा विकास गर्न यसको सर्भे डिजाइन गर्ने कार्य सम्पन्न गरी सोही डिजाइन अनुसार केही काम अघि बढाइएकोमा आगामी आ.व. मा बसपार्क कालोपत्रे लगायत अन्य पूर्वाधारको काम गरिनेछ ।
१७. नगरपालिकाको फोहर मैलाको उचित व्यवस्थापनका लागि ल्याण्डफिल साइटको निर्माण कार्य अघि बढाइनेछ ।

**सामाजिक विकास :**

नगरपालिकाद्वारा गठन गरीएका टोल विकाश संस्थाहरु लाई समुदाय परिचालनको सशक्त माध्यम मान्दै सर्म्पूण घरलाई टोल विकास संचारमा आवद्धता गराउदै जाने र टोल विकाश गठन नभएका ठाउंमा नयाँ टोल विकाश संस्था गठन गर्ने र निस्कृय टोल विकास संस्थाहरुलाई सक्रिय बनाइनेछ ।

- वडा तहका विकास निर्माण, सरसफाई, सडक वत्ती एवं विभिन्न सामाजिक गतिविधीहरुमा अधिक मात्रामा टोल विकास संथाहरुलाई सरिक गराई टोल संस्थाहरुलाई उत्तरदायी एवं लागत सहकार्य गर्ने सहयोगी नागरीक समाजको संगठनको रुपमा विकास गरिनेछ ।
- प्रत्येक वडाको गरीवीको अवस्था पहिचान गरी स्थापित आवश्यकता चाहना अनुसारका उद्यम व्यवसायको विकासमा सहयोग पुऱ्याउदै लक्षित वर्ग केन्द्रित आर्थिक विकासका गतिविधीहरु संचालन गरिनेछ ।
- नगर क्षेत्रको धार्मिक, साँस्कृतिक, साहीत्यीक क्षेत्रको क्षेत्रगत अवस्थाको पहिचान गरी क्षेत्रगत विकासका लागी कार्यक्रमहरुको तर्जुमा गरिनेछ ।
- नगरपालिकाको साझेदारी विकास कोषको सही ढंगवाट लक्षित वर्ग सम्म पुग्नेगरी परिचालन गरिनेछ ।
- नगरपालिकाका स्वास्थ्य स्वयंमसेविकाहरुको क्षमता अभिवृदि गराउदै दक्ष व्यक्तिहरुलाई स्वास्थ्य स्वयंसेविका वनाउने नीति अवलम्वन गरिनेछ ।
- स्वयंसेविकाहरुको आय आर्जन र स्वास्थ्य उपचारको कार्यमा टेवा पुर्‍याउन स्वयंसेविका कोषको स्थापना गरिनेछ ।

- नगरपालिकाद्वारा संचालन गरिएका शहरी स्वस्थ्य केन्द्रहरुको सेवा अझ वढी व्यापक र प्रभावकारी गराउन वडा नं. १ र ९ मा समेत यसको विस्तार गरिनेछ र वडा नं १ र ९ मा मा आफ्नै भवन निर्माण गर्ने कार्य समेत अघि बढाइनेछ ।
- अपाङ्ग–असहायहरुको लगत संकलन गरी क्षमता अनुसारको उद्यमशिलता विकासका लागि उचित अवसरको श्रृजना गर्ने ।
- नगरपालिका भित्र संचालित वालविकाश केन्द्रहरुको स्तर सुधार गर्दै प्रभावकारी संचालनमा स्थानीय सहभागीता र व्यवस्थापनमा जोड दिइने । बाल विकास केन्द्रहरुको प्रभावकारी अनुगमन गरी १५ जना भन्दा कम बालबालिका हुने वालविकास केन्द्रहरुमा नगरपालिकाले दिने अनुदान रोक्का राखिनेछ ।
- वालविकास केन्द्रको रुपमा समेत प्रयोगमा आउने गरी कम्तिमा २ स्थानमा बहुउद्देश्यीय सामुदायिक भवन एव वालविकास केन्द्र निर्माण गरिनेछ ।
- विभिन्न संस्थाहरुसंग समन्वय गर्दै आर्थिक विकाशका गतिविधीहरु संचालन गरिनेछ ।
- स्थानीय उद्यम विकासका लागी अन्य संस्थाहरुसंग समन्वय गरी स्थानीय उत्पादन विक्री वितरणका लागी १ वटा सुर्खेत कोशेली स्टलको स्थापना गर्न सम्वन्धित निकायसंग सहकार्य गरिनेछ ।
- सार्वजनीक निजी साझेदारी समितिलाई सक्रिय गरी साझेदारका क्षेत्रहरु छनैट गरी सार्वजनीक निजी साझेदारी अवधारण अनुसारका सामाजीक विकाशका गतिविधी संचालन गर्ने ।
- नगर क्षेत्रका धार्मिक स्थलहरुको लगत संकलन गरी व्यवस्थीत संचालनमा स्थापित व्यवस्थापन समिति गठन गर्ने, यी संस्थाका संरक्षण एवं सम्वर्धन गर्ने ।
- दलित, जनजाति, आदिवासी महिला एवं पिछडियका वस्तीका नागरिक केन्द्रित स्पष्ट, छुटा छुटै शशक्तिकरण एवं उद्यम विकाशका योजनाहरु वनाई कार्यन्वयन गर्ने ।
- कला, संस्कृति , साहित्य, खेलकूद, शिक्षा, व्यवसायिकताको प्रवर्द्धन तथा सम्बर्द्धनका लागि श्रष्टा सम्मान कार्यक्रम गरिनेछ ।
- वीरेन्द्रनगरमा वाल सुधार गृह निर्माणका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने ।
- नगरपालिका क्षेत्रका मृत व्यक्तिहरुको शवदाह गरिदै आएको भेरी नदीको पुल स्थित समैजी घाटको सुधार गर्न विभिन्न निकायसंग सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ ।
- वृद्ध तथा अपाङ्गलाई सम्मान तथा सामाजिक सुरक्षा प्रदान गर्ने क्रममा यस नगरपालिकाबाट हुने सम्पुर्ण सिफारिसहरु निशुल्क गरिनेछ ।

**सुशासन र संगठन विकास :**

- नगरपालिकाको नागरिक वडा पत्र (Citizen Charter) को समय सापेक्ष संशोधन गर्दै वडापत्रको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ । यसको प्रभावकारी कार्यान्वयन गर्न विभिन्न पिछडिएका वस्तीहरुमा पुगी अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिकामा सेवाग्राहीलाई सहज किसीमले सेवा प्राप्त गर्ने वातावरण निर्माण गर्न एक सहयोग कक्ष ९ज्भाउ मभकप० निर्माण गरी सञ्चालन गरिनेछ ।
- नगरपालिकाको सेवा सुविधा सम्बन्धमा तथा नगरपालिकाको गतिविधिको बारेमा आम नगरवासी समक्ष सूचनाको प्रवाहको प्रभावकारी व्यवस्था गर्न हरेक वडामा सूचना पाटी राखि त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको Website अद्यावधिक गरी नगरपालिकाको हरेक सूचनालाई Website मा राखीनेछ ।
- न.पा. को संगठन विकास अध्ययन प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- राजश्व, लेखा, योजना सबै शाखामा कम्प्युटर विलिङ्ग प्रणाली शुरु गरिनेछ ।
- न.पा. को समग्र सूचना उपलब्धता सहितको एक सूचना केन्द्र स्थापना गरिनेछ ।

- न.पा. का प्रत्येक शाखा, उपशाखाका कर्मचारीमा कम्प्यूटर संचालन गर्न सक्ने सीपको विकाश गराइनेछ ।
- न.पा.का कर्मचारी एवं पदाधिकारी, उपभोक्ता समिति र टोल विकास संस्थाहरुको पदाधिकारीहरुको क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- न.पा. मा विभिन्न सेवा लिन एवं कर दस्तुर शुल्क बुझाउन आउने नगरबासीहरुमा सम्मान पूर्वक सेवा प्रवाहको वातावरण श्रृजना गराउन स्थापित विश्राम स्थललाई थप विस्तार र सुधार गरिनेछ ।
- न.पा. को पूर्वाधार निर्माण एवं सरसफाई क्षमतामा वृद्धि गरिनेछ । शाखागत महत्वपूर्ण फाइल व्यवस्थापनका लागि व्यवस्थित फाइलिङ्ग प्रणालीको विकास गरिनेछ ।
- न.पा. बाट भए गरेका गतिविधी र आम्दानी खर्चको त्रैमासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।
- वर्षमा २ पटक न.पा. का गतिविधिका बारेमा सार्वजकि सुनाईको व्यवस्था गरिनेछ ।
- कर्मचारी कल्याण कोष विनियम र नियमको कार्यान्वयन गरिनेछ ।
- २० वर्ष सेवा अवधि र ५० वर्ष उमेर पुगेका कर्मचारीले सेवाबाट अवकाश हुन चाहेमा आकर्षक सुविधा दिइनेछ ।
- न.पा. कार्यालयको कार्यालय भवनका लागि जग्गा अपर्याप्त भएकोले जग्गा विस्तार एवं थप जग्गाका लागि पहल गरिनेछ ।
- निम्न स्तरको कर्मचारीहरु सहायक स्तर (तृतीय) सम्मको पद रिक्त भएमा सेवा पूर्णरुपमा करार सेवाबाट मात्र गरिनेछ ।
- न.पा. का प्रत्येक शाखाबाट प्रदान गरिने सेवा र कर्मचारीहरुको सेवा प्रवाह शैलीको सेवाग्राही, सर्वदलिय संयन्त्रका सदस्यहरु, कार्यालयका कर्मचारीहरु , सुपरीवेक्षकको मूल्यांकन तथा :ऋएः मा प्राप्त गरेको अंकको आधारमा उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कार एवं सम्मान प्रदान गरिनेछ ।
- न.पा. को गुनासो, उजुरी सुन्ने प्रभावकारी संयन्त्रको व्यवस्था मिलाइनेछ ।
- यस कार्यालयमा कार्यरत हरेक कर्मचारीहरुको लिखित कार्यविवरण तयार गरी कर्मचारीलाई उपलब्ध गराइनेछ । निर्धारित काम तथा सूचनाका आधारमा मूल्यांकन गर्ने पद्धतिलाई स्थापित गरिनेछ ।
- नगरपालिकाको सांगठनिक संरचनालाई समयानुकूल चुस्त, सक्षम, मितव्ययी, प्रतिस्पर्धी र नतिजामुखी बनाउन स्वीकृत संगठन विकास अध्ययनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
- कर्मचारीहरुको का.स.मु. लाई कार्य विवरणसंग आवद्ध गरी वस्तुगत, नियमित र प्रभावकारी बनाइनेछ । यसको आधारमा कर्मचारीहरुको आन्तरिक सरुवा, पदस्थापना, तालिम, पुरस्कार, दण्डको व्यवस्था गरिनेछ ।

**कृषि, वातावरण, स्वाथ्य एवं सरसफाई सम्बन्धी :**

- वडा नं. ६ को सरसफाईमा टोल विकास संस्थाको संलग्नता बढाउदै केही क्षेत्रमा फोहर व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराइनेछ ।
- न.पा. कार्यालयबाट ४/४ महिनामा विशेष सरसफाई अभियान संचालन गरिनेछ ।
- न.पा. को ल्याण्डफिल साइट तत्काल निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- वडा नं. ६ को बंगुर निषेध र छाडा पशु नियन्त्रण कार्यक्रमलाई कडाईका साथ पालना गराइनेछ ।
- सरसफाई कर्मीहरुको वर्षमा २ पटक स्वास्थ्य परीक्षण गराउने र सुरक्षा सामग्री (मास्क, पञ्जा, गमबुट, रेनकोट) आदि उपलब्ध गरिनेछ ।
- वीरेन्द्रचौक हालै सहिद चौक नामाकरण गरिएकोमा उक्त स्थानमा सहिद स्मारक बनाई आवश्यक सुधार समेत गरी व्यवस्थित तथा आकर्षक चौकको रुपमा विकास गरिनेछ ।
- खसी वधशाला संचालनमा ल्याउइनेछ । साथै मासु बिक्री कक्षहरुको सुधार गरिदै गइनेछ ।

- घण्टाघरलाई दर्शन घरको रुपमा विकास गरी यसलाई वीरेन्द्रनगरको प्रमुख पर्यटकीय केन्द्र बनाइनेछ । यसलाई सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार संचालन गर्ने विगतको नीतिलाई निरन्तरता दिइनेछ ।
- बुद्धपथ र हटिया क्षेत्रको सडकको साथै अन्य विभिन्न स्थानको दायांबायां वृक्षारोपण गरिनेछ ।
- नगरपालिकाको वडा नं. ५ देखि १० को क्षेत्रमा मासु विक्री वितरण गर्न इजाजत पत्र लिनुपर्ने व्यवस्था गत वर्ष देखि लागू गरिएकोमा त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- वडा नं. ६ बाहेक अन्य पिच सडक भएका वडाहरुमा समेत टोल विकास संस्था र स्थानीय क्लबहरुको लागत सहभागितामा नगर सफाईको कार्यक्रम विस्तार गरिनेछ ।
- वडा नं. ६ बाहेकका अन्य वडामा संकलित फोहरलाई पनि आवश्यकता अनुसार नगरपीलकाको गाडीबाट उठाई फोहर फाल्ने स्थानसम्म फालिनेछ ।  साथै विभिन्न जामहरु खोल्ने काम समेत गरिनेछ ।
- फुटपाथ अतिक्रमण गरी व्यवसाय गर्ने व्यापारीहरुलाई निरुत्साहित गर्नका साथै डोके व्यापारीलाई व्यवस्थित गराइनेछ ।
- कुइनेपानी जंगलभित्रको प्लाष्टिक संकलन घरको संचालन गरिनेछ ।
- प्लाष्टिक नियन्त्रणका लागि विभिन्न अभियान संचालन गरिनेछ ।
- बजार क्षेत्रको ट्राफिक व्यवस्थापनमा सहयोग गर्न आवश्यक ठाउंहरुमा जेब्रा क्रसिङ्गको व्यवस्थापन गरिनेछ ।
- न.पा. क्षेत्रको हरियाली बृद्धिमा जोड दिन नाला निर्माण भईसकेका सडक छेउका जग्गाधनीहरुलाई अनिवार्य वृक्षारोपण गर्न टोल विकास संस्थालाई परिचालन गरिनेछ ।
- नगरक्षेत्रभित्र रहेका खोलानाला, कुवा, इनार, ढुंगेधारा आदिको लगन संकलन गरी संरक्षण गर्ने ।
- छाडा कुकुर नियन्त्रण एवं रेविज विरुद्ध खोप कार्यक्रम संचालन गर्ने ।
- निर्माण सामग्रीलाई सडकमा लामो सयम सम्म राख्ने कार्यलाई निरुत्साहित गर्दै निश्चित समयमा निर्माण सामग्री व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।
- सडक छेउका सतहढलहरुमा फोहर एवं निर्माण सामग्री फाल्नेलाई कारवाहीको नीति अवलम्बन गरिनेछ ।
- वनपैदावर विक्री केन्द्र स्थापना गर्न सम्वन्धित निकायमा अनुरोध गरिनेछ ।
- वीरेन्द्रनगरमा कृषि हाटबजार निर्माण एवं संचालनमा सम्वन्धित निकायसाग सहकार्य गरिनेछ ।
- सार्वजनिक बाटो, चौक तथा अन्य सरकारी ऐलानी जग्गा अतिक्रमण गरी बनाइएका घर टहरा जिल्ला स्थित विभिन्न राजनैतिक दलहरु तथा अन्य सरोकारहरुसंगको समन्वयमा हटाइने अभियान थालिनेछ । तत्काल चेम्बर मार्ग र यसको आसपासबाट यो कार्य थालीनेछ ।

**क. भौतिक पूर्वाधारः**

**१. सडक**

नगरपालीकास्तरीय सडक ग्राभेल र साना पुलपुलेसा निर्माण कार्यलाई दातृ संस्थासाग समेतको साझेदारीमा तीव्रता दिई बाह्रै महिना सवारी साधन चल्न सक्ने बनाउन प्राथमिकताका साथ कार्यक्रम संचालन गरिने छ ।

ठूला र धेरै लागत लाग्ने पुल पुलेसा निर्माणका लागि सडक डिभिजन र नेपाल सरकारमार्फत संचालन गर्न आवश्यक पहल गरिने छ ।कालोपत्रे सडक २८.५० कि.मी ग्राबेल ४५ कि.मी इट्टा सोलीड ९.५० कि.मी र घुलेसडक ५० कि.मी गरेर १३३ कि.मी सडक रहनगएकोछ ।

वडा.स्तरका सडकहरू निर्माण गर्ने, सञ्चालन गर्ने र मर्मत सम्भार गर्ने कार्य वडा.लाई जिम्मेवारी दिइने छ ।

सा(साना मर्मत-सम्भारका लागि पनि नगरपालीकाकै मुख ताक्ने प्रवृत्तिलाई निरूत्साहित गर्न आफ्नो क्षेत्रभित्रका सडकहरूको सामान्य मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित  उपभोक्ता समितिले नै लिनुपर्ने व्यवस्थाका लागि योजना सम्झौतामा अनिवार्य प्रावधान समावेश गर्ने र  स्थानीयस्तरबाट सो प्रावधान पूरा नगरिएको पाइएमा सोका लागि अर्को वर्ष बजेट विनियोजन गर्दा दोस्रो प्राथमिकतामा राख्ने नीतिलाई निरन्तरता दिइने छ  ।

सहभागितात्मक योजना प्रक्रियाअन्तर्गत वडास्तरीय योजना तर्जुमा समिति हादै एकीकृत योजना तर्जुमा समितिबाट समेत निर्णय भैआएका योजना तथा कार्यक्रमहरू नगरपालीकाको साधनस्रोतले संचालन गर्न नसकिने भएकाले थप योजनाको रूपमा राखी स्थानीय स्रोत एंव सम्बन्धित मन्त्रालय तथा दातृ निकायसाग अनुरोध गरी बजेट व्यवस्था गरी कार्यान्यवन गर्दै लगिने छ ।

**२. ग्रामीण विद्युतीकरण** :

विद्युत सेवा नपुगेका वडाहरूमा विद्युत् पुऱ्याउन सामुदायिक विद्युतीकरणलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्दै लगिने छ ।

**३. खानेपानी तथा सरसफाइ :**

नगरपालीकालाई आगामी बर्षहरुमा खुल्ला दिसामुक्त क्षेत्र बनाउन आगामी आर्थिक वर्षमा विभिन्न वडालाई खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरी कार्यक्रम अगाडि बढाइने छ । सो कार्यक्रम अभियानका रूपमा संचालन गर्न जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन, गा.वि.स. र जि.वि.स.तथा यस क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरूले साझा कार्ययोजना तर्जुमा गरी एकद्वार प्रणाली अवलम्बन गरी कार्यक्रम अगाडि बढाइने छ ।

**ख. सामाजिक विकास :**

**१. शिक्षा :**

नगर क्षेत्रका सामुदायिक विद्यालयहरूको जीर्ण भवनहरूको मर्मत सम्भार र थप कोठा निर्माणका लागि जिविस, नगरपालीका र जिल्ला शिक्षा कार्यालयबाट प्राथमिकताका आधारमा सहयोग गरिने छ र यो नीतिअन्तर्गत दलित, अल्पसंख्यक तथा अति विपन्न समुदायका सामुदायिक विद्यालय तथा मदर्साहरूलाई प्राथमिकता दिइने छ ।

**२. स्वास्थ्य :**

स्वास्थ्य चौकीहरूको भौतिक तथा गुणात्मक पक्षहरूको सुधारका लागि जिल्ला जनस्वास्थ्य कार्यालयमार्फत आवश्यक पूर्वाधार विकासका लागि कार्यक्रम अगाडि बढाइने छ ।

स्वास्थ्य समस्या तथा लैङ्गिक सवाल जस्ता विषयहरूलाई अन्तरसम्बन्धित सबालका रूपमा लिई विकासका हरेक क्रियाकलापमा मूल प्रवाहीकरण गर्दै लैजाने नीति अंगीकार गरिने छ ।

**३. महिला, बालबालिका र अन्य लक्षित वर्ग** :

नगरपालीकाअनुदानबाट लक्षित वर्गलाई किटान गरी उपलब्ध गराइने बजेटलाई प्रभावकारी रूपमा परिचालन गर्न सम्बन्धित निकायहरू महिला तथा बालबालिका कार्यालय, नगर बाल कल्याण समिति, लक्षित वर्गहरूको समूह निर्माण गरी पारदर्शी रूपमा कार्यान्वयन हुने व्यवस्था मिलाइने छ ।

लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनको लागि उनीहरूले नै समूहमार्फत पहिचान गरेका कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ ।

लक्षित वर्गसाग काम गर्ने गैससहरूलाई क्षेत्रगत सहयोग र सहकार्यका लागि परिचालन तथा प्रोत्साहन गर्ने र यी वर्गहरूको सीप तथा क्षमता विकासका लागि नगरपालीकाबाट आवश्यक सहयोग गर्ने नीति लिइने छ ।

स्थानीय शासन प्रक्रियामा बालबालिकाहरूको अधिकारसम्बन्धी सवाललाई समावेशी सिद्धान्तको आधारमा मूलप्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको सास्थागत विकास गर्न गराउनको लागि नगरपालीकाले स्थानीय बालमैत्री शासन राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि २०६८ लाई आधारमानी कार्यान्वयनमा ल्याइनेछ ।

**४. पर्यटन विकास :**

